# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti




सप्तपर्णि गुफामा प्रथम संगायना भइरहेको दृष्य

वर्ष: ४३, अङ्क: ७

बु.सं. २५६९, सकिमना पुन्हि:

# २०८२ आश्विन ६ गते, सोमबार धर्मकीर्ति विहारय् न्हिच्छि यंकं अभिधर्म पाठ कार्यक्रम



धम्मसङ्गणी पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
श्रद्धेय डा. धम्मवती, पञ्ञावती व जवनवती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
चन्द्रशीला व खेमावती



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं करुणावती व ध्यानवती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं कुसुम व प्रीतिवती



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं शुभवती व अमता



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं सुवण्णवती व क्षान्तिवती



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं त्यागवती व ईन्दावती



अभिधर्म पाठ श्रवण यानाबिज्यास्य दाता परिवार

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९

नेपाल सम्बत् ११४६

इस्वी सम्बत् २०२५

बिक्रम सम्बत् २०८२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**5th NOV 2025**


| वर्ष- ४३ | अङ्क- ७ | सकिमना पुन्हि | कार्तिक २०८२ |
|---|---|---|---|


★ सच्चं भणे न कुज्झेय्य
दज्जा'प्पस्मिम्पि याचितो
एतेहि तीहि ठानेहि
गच्छे देवान' सन्तिके

★ सत्यवादी जुयाः अक्रोधी जुयाः फ्वंवइगु अवस्थाय् भतीचा जक जूसां बियाछ्व । थ्व स्वंगू कार्य मनूत देवलोके थ्यंकः वनी ।

★ सत्य बोल्नु, क्रोध नगर्नु र मागन आउँदा अलिकता भएपनि दिनु । यी तीन कामले मानिस देवलोक जान्छ ।

★ Speak the truth, do not anger to yield, give if you are asked, even though it be a little, by these three steps, you will come near the gods.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय – पहिलो संगायना | – | २ |
| ३) | सम्पादकीय- मध्यम मार्ग नै शान्ति मार्ग | – | ३ |
| ४) | अग्रश्रावक आनन्द (भगवान् बुद्धका अग्रश्रावक-१९) | – सत्यनारायण गोयन्का | ४ |
| ५) | सोणा | – अनु. माधवी, अनु. वीर्यवती | ९ |
| ६) | कथिन निदान कथा | – भिक्षु ज्ञानेश्वर महास्थविर | ११ |
| ७) | धर्मकीर्ति समाचार | – | १४ |
| ८) | त्रिलक्षण स्वभावयात चायकाच्वने | – नाती महर्जन | २४ |
| ९) | The Four Sight the Four Things | – Lekh Ratna Shakya | २४ |


*आवरण चित्र परिचय*

# पहिलो संगायना

✍ आचार्य सत्यनारायण गोयन्का
भावानुवाद – वीर्यवती

भगवान् बुद्ध महापरिनिर्वाण भएको सूचना प्राप्त हुने बित्तिकै त्यसबेला जति पनि अरहन्त भिक्षुहरू हुनुहुन्थ्यो, उहाँहरूको चित्त अनुद्विग्न हुनथाल्यो । तर जति पनि भिक्षुहरू अरहन्त तहसम्म पुग्नुभएका थिएनन्, र आर्य हुनुभएका थिए, उहाँहरू उदास रहनुभयो । जति पनि नयाँ शिष्यहरू थिए, उहाँहरू सबैले विलाप गर्नथाले । त्यही समय बुढेसकालमा प्रव्रजित भएका सुभद्र नामक नयाँ भिक्षु चिच्चाउँदै कराउन थाल्यो– "ठीकै भो नि ! अब हामी सबै मुक्त भयौं । किनभने हामी पहिला महाश्रमणको आदेश पालन गर्न बाध्य भई पीडित थियौं । यस्तो गर्नु, त्यस्तो नगर्नु भन्दै रोकटोक लगाउनु हुन्थ्यो भगवान् बुद्धले । तर अब हामीले आफूले चाहेजस्तो गर्न पायौं । नचाहेको गर्नै परेन । त्यसैले अब हामी स्वतन्त्र भयौं ।"

भिक्षु प्रवर महाकाश्यपलाई भिक्षु सुभद्रको यस (अशोभनिय) अज्ञानताले भरिएको वचनले झस्काइदियो । अनि उहाँले यसरी विचार गर्नुभयो–

"यदि अहिले नै भगवान् बुद्धको मूल वाणीलाई सुरक्षा गर्न सकिएन भने भविष्यमा यस्ता अभद्र भिक्षुहरूले बुद्ध शिक्षालाई दूषित पार्नेछन् । यिनीहरूले आफूलाई मननपर्ने (पालन गर्न अल्छी लाग्ने) बुद्ध वाणी निकालेर पठाउने र आफूलाई फाईदा हुने कुराहरू घुसाउने आदि दूषित कार्य गर्नेछन् । यसरी शुद्ध सत्य धर्म लोप हुन बेर लाग्दैन । सद्धर्मको नाममा नक्कली धर्मले स्थान ओगट्नेछ । जब मूल बुद्धवाणी लोप हुनेछ, तब भगवान् बुद्धद्वारा आबिष्कृत मुक्तिप्रदायिनी विपश्यना रूपी प्रतिपत्ति धर्म कसरी बचिन्छ ? परिणामस्वरूप वास्तविक लोकहित धर्म नै लोप हुनेछ ।"

यति सोच्नुभई महाकाश्यप भन्तेले ५०० जना अरहन्त भिक्षुहरूसंग परामर्श गरी उहाँहरू सबैजनासंग अनुमति प्राप्त गरी भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको मितिबाट तीन महिनापछि वर्षावासको समयमा प्रथम संगायना कार्यक्रम आयोजना गर्नुभयो । यस संगायना राजगृहनगरबाट बाहिर सप्तपर्णी गुफामा मगधराज अजातशत्रुको संरक्षणमा आयोजना गरियो । यस संगायना कार्यक्रममा सम्मिलित हुनुभएका ५०० जना अरहन्त भिक्षुहरू सबै भगवान् बुद्धद्वारा ४५ वर्षसम्म बताउनुभएका उपदेशहरू मध्ये कुनै न कुनै धर्मोपदेश अथवा विनयरूपी नियमका सत्य साक्षी थिए ।

यस संगायनामा भिक्षु आनन्दको उपस्थिति अत्यन्त आवश्यक थियो । किनभने उहाँले २५ वर्ष अगाडि देखि भगवान् बुद्धलाई सेवा गर्दै भगवान् बुद्धको नीजि सेवक

( क्रमशः पेज ८ मा हेर्नुहोला )

## ▪ सम्पादकीय ▪

# मध्यम मार्ग नै शान्ति मार्ग

आजभोली हामीले भोगिरहेका दुःख र अशान्तिका कारणहरू मध्ये प्रमुख कारण नै जति भएपनि नपुग्ने भौतिक सुखको चाहना (तृष्णा), असन्तोषी र स्वार्थी भावनाहरू हुन् । भ्रष्टाचार र कालो बजारीको प्रमुख कारण नै विलासी र सुविधामुखी जीवनको बढ्दो चाहना र लालची स्वभाव हो । यसरी असन्तोषी बन्दै असीमित भौतिक चाहना बढाई तृष्णा बढाउने बानीलाई हटाउन नसकेसम्म शान्ति असम्भव छ । त्यसैले दुःखको यस मूल जरोलाई दबाउन खोज्नु भन्दा यथासक्य यसलाई हटाउन सक्नु नै बुद्धिमानी हुनेछ ।


बुद्ध शिक्षाले भनिरहेको छ –

अति बिलासिता जीवनको चाहनाले मात्र अशान्ति निम्त्याउने होइन अशान्तिको अर्को प्रमुख कारण गरीबी पनि हो । मानिसहरूको आधारभूत आवश्यकता परिपूर्ति हुन नसकेमा पनि समाजमा भ्रष्टाचार, हत्या, चोरी र डकैती जस्ता अपराधिक घटनाहरू घटी अशान्ति फैलिन सक्छ । त्यसैले समाजको अपराध र अशान्तिपूर्ण वातावरण हटाउनका लागि गरीबी निवारण हुन अत्यावश्यक छ । भगवान् बुद्धले दीघ निकाय कूतदन्त सूत्रमा उल्लेख गर्नुभएको छ–

"यदि समाजमा गरीबीको कारणले अपराधिक, अशान्ति र उपद्रवहरू घटिरहेका छन् भने उक्त अशान्ति हटाउनका लागि सर्वप्रथम जनताले चाहेका अत्यावश्यक आधारभूत आवश्यकताहरू उपलब्ध गराउने अभियान चलाउन जरुरी हुन्छ । गरीबीको समस्या हटाउने प्रमुख उपाय नै उचित रोजगारीको व्यवस्था, व्यापार व्यवसायमा लाग्न चाहने व्यापारीहरूलाई उचित लगानी र पूँजीको व्यवस्था, कृषी व्यवसायमा लाग्न चाहने कृषकहरूका लागि जमीन, कृषी औजारहरू, बीऊ बीजन, सिँचाई आदिको उचित व्यवस्था आदि मिलाउन सकेमा मात्र बेरोजगारी समस्या हटी गरीबी निवारण कार्यमा टेवा पुग्नेछ । यी प्रमुख उपायहरू अपनाउन नसकेसम्म देशमा शान्तिले स्थान लिन सक्दैन ।

तर आजभोलीको चलनको रूपमा ठूलठूला कार्यक्रम, सम्मेलन, गोष्ठी सञ्चालन हुन्छन् भव्य रूपमा । छलफल गरिन्छन्, विभिन्न गहकिला निर्णयहरू पनि गरिन्छन् समस्या समाधानका लागि । गहकिला निर्णयहरू पेश गरिए जस्तै सबै निर्णयहरू कार्यान्वयनमा ढाल्न सकेमा मात्र समस्या समाधान हुनेछ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ– "कुरा कम गर्ने काम बढी गर्ने बानी बसाल्नु पर्छ ।" अर्को शब्दमा भन्ने हो भने तोकिएका निर्णयहरूलाई कार्यान्वयनमा परिणत गर्न सकेमा मात्र सफलता हासिल हुनेछ । होइन भने ती निर्णयहरू वेकारको कागजी स्तरको निर्णय भएर थन्किन पुग्छन् ।

नेपाल शान्ति प्रवर्तक बुद्ध जन्मभूमीको नाताले भएपनि यहाँ शान्तिपूर्ण वातावरण अति जरुरी छ । त्यसैले देशमुखी र जनमुखी बन्न चाहने जो कोहीले पनि बुद्ध शिक्षानुसार मध्यम मार्गलाई अपनाउन जरूरी छ । यसको लागि अति बिलासी र अति सुविधामुखी जीवन त्यागी निरपेक्ष गरीबी रेखामुनिका जनताहरूको जीवन उकास्ने लक्ष अगाडि सार्दै अभियान चलाउन जरूरी छ । सरकारी स्तरबाट यस कर्त्तव्य पालन गर्न अत्यन्त आवश्यक देखिन्छ । यसरी मध्यम मार्ग अपनाई अति मार्गहरू हटाउन सकेमा मात्र अतिमार्गबाट उब्जिएका आजभोलीका अशान्तिपूर्ण वातावरणको समस्या बिस्तारै हटी शान्तिपूर्ण वातावरण र सुखको आशा गर्न सकिनेछ ।



# अग्रश्रावक आनन्द

**( भगवान् बुद्धका अग्रश्रावक-१९ )**

✍ **सत्यनारायण गोयन्का**

भगवान बुद्धका उपस्थाक (सचिव) रहनु भएका भिक्षु आनन्द लाई उपाधि प्रदान गर्नु हुँदै भगवान तथागतले पटक-पटक उद्‌घोषण गर्नुभएको थियो–

**“एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं बहुस्सुतानं यदिदं आनन्दो ।”**

– भिक्षुहरू ! मेरा बहुश्रुत भिक्षु श्रावकहरू मध्ये आनन्द अग्र छन् ।

**“एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं सतिमन्तानं यदिदं आनन्दो ।”**

– भिक्षुहरू ! मेरा स्मृतिमान भिक्षु श्रावकहरू मध्ये आनन्द अग्र छन् ।

**“एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं गतिमन्तानं यदिदं आनन्दो ।”**

– भिक्षुहरू ! मेरा प्रवीण (चतुर) भिक्षु श्रावकहरू मध्ये आनन्द अग्र छन् ।

**“एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं धितिमन्तानं यदिदं आनन्दो ।”**

– भिक्षुहरू ! मेरा धृतिमान भिक्षुश्रावकहरू मध्ये आनन्द अग्र छन् ।

**“एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं उपट्ठाकानं यदिदं आनन्दो ।”**

– भिक्षुहरू ! मेरा उपस्थाक (सेवक) भिक्षु श्रावकहरू मध्ये आनन्द अग्र छन् ।

यसरी भगवान बुद्धका उपस्थाक भिक्षु आनन्दले पाँच वटा गुणमा अग्रको उपाधि प्राप्त गरेका थिए ।

भिक्षु आनन्द अनेक जन्मसम्म जन्म लिंदै भगवान् गौत्तम बुद्धको वोधिसत्वको समयमा उहाँ संगै तुषित देवलोकमा जन्म लिए । त्यहाँबाट च्युत भएर कपिलवस्तुको शाक्यकुलमा सिद्धार्थ गौतमका आफ्नै काका अमितोदनका छोरा भएर जन्म लिए । यसरी आनन्द राजकुमार सिद्धार्थ संगै हुर्के ।

सिद्धार्थ गौतमले गृहत्याग गरेर सम्यक-सम्बोधि प्राप्त गर्नुभयो र त्यसको दुई महिना पछि आषाद पूर्णिमाको दिन धर्मचक्र प्रवर्तन गर्नु भयो । उहाँका बुबा शुद्धोदनलाई आफ्नो छोरा भेट्ने इच्छा भयो । अतः कपिलवस्तुका मन्त्रीहरूलाई छोरा बोलाउन पठाईयो तर जो जो गए तिनीहरू फर्किएनन् । अन्तमा भगवानका बालककालका साथी कालुदायीलाई पठाए । उनले करिब पाँच महिना पछि महाराजको निमन्त्रणा सुनाए, भगवानले स्वीकार्नु भयो र भिक्षु संघ सहित कपिलवस्तु पधार्नु भयो । त्यहाँ नन्द कुमार तथा पुत्र राहुललाई प्रव्रजित गर्नुभयो । भगवान यहाँबाट मल्लहरूको राज्यमा धर्म प्रसारका लागि प्रस्थान गर्नुभयो । त्यहाँ एकदिन शाक्य राजकुमारहरू भद्दिय, अनुरूद्ध, भगु किमिल तथा शाक्य सुप्पबुद्धका छोरा देवदत्त र राजपरिवारका नाउ उपालि संगै आनन्दले प्रवज्या ग्रहण गरे । छोटो समयमा नै सबैले स्रोतापत्ति मार्गफल प्राप्त गरे ।

सम्यक सम्बोधि प्राप्ति पछि अनेक ब्यक्तिहरूले भगवानको उपस्थाक भएर सेवा प्रदान गरे । नागसमाल, नागिन, उपवाण, सुनक्खत्त, चुन्द, सागत तथा मेघिय यी सबैले केही समयका लागि भगवानको सेवा गरे तर स्तरीय सेवा भने दिन सकेका थिएन ।

यस्तो परिस्थितिमा एक दिन भिक्षुहरूका माझ भगवानले भन्नुभयो– “भिक्षुहरू ! अब म बूढा भइसकें । आज म यो बाटो जान्छु भन्यो भने मेरो सेवक अर्को बाटो लागिदिन्छ, कोही उपस्थाक (सेवक) मेरो पात्र-चीवर भूईंमा फालेर आफ्नो मन पर्ने ठाउँमा जान्छन् । यस्तो अवस्थामा कृपया एक जना ढंग पुगेका भिक्षु मेरो उपस्थाक बनाउनु ता कि मेरो सेवा ठीक तरिकाले गर्न सकून् ।” भगवानको यस्तो कुरा सुनेर भिक्षुहरूको मनमा धर्म संवेग उत्पन्न भयो ।

तब आयुष्मान सारिपुत्रले उठेर वन्दना गर्दै भने– "भन्ते ! म भगवानको सेवा गर्छु । मैले हजुरको साथ पाउन एक लाख भन्दा धेरै कल्प पारमिता पूरा गर्दै आएको छु, निश्चय पनि म हजूरको सेवा ढंग पूर्वक गर्न सकूँला ।" उनको कुरा सुनेर भगवानले भन्नु भयो "सारिपुत्र ! जुन दिशामा तिमी जान्छौ त्यहाँ तिमीले दिएको उपदेश बुद्धले दिएको उपदेश झैं हुन्छ । यसरी तिमी द्वारा मेरो सेवा भईरहेकै छ ।" त्यस्तै गरि महामोग्गल्लान लगायत अन्य भिक्षु महा श्रावकहरूले उपस्थाक बन्नका लागि प्रस्ताव राखे तर भगवानले ती सबैलाई नकार्नु भयो ।

आयुष्मान आनन्द चुपचाप बसिरहेका थिए । भिक्षुहरूले उनलाई उक्साईरहेका थिए– "आयुष्मान आनन्द ! तपाईं पनि उपस्थाक पदका लागि प्रार्थना गर्नु ।" तर आयुष्मान आनन्द भने चूपचाप थिए । "याचना गरेर पाएको उपस्थाक पद कस्तो हुन्छ ? यदि भगवानलाई मेरो सेवा राम्रो लागेको छ भने उहाँ आफै भन्नु हुन्छ ।"

भगवानले भन्नुभयो– "भिक्षुहरू ! आनन्दलाई अरूद्वारा उक्साउनु उचित छैन । ऊ आफैले बुझेर मेरो सेवा गर्नेछ ।"

भगवानको यस्तो कुरा सुनेर अन्य भिक्षुहरूले आनन्दलाई याचना गर्न फेरि आग्रह गरे । तब आयुष्मान आनन्द उठे र भगवानका सामू भगवानले उनका लागि गर्नु पर्ने चार वटा र गर्नु नुहुने चारवटा गरि आठवटा शर्त राखे ।

"भन्ते मेरा चारवटा प्रतिक्षेप शर्त छन् –

★ "भन्ते ! भगवानलाई प्राप्त भएका श्रेष्ठ चीवरहरू मध्ये मलाई कुनै पनि चीवर दिनुहुने छैन ।"

★ "भन्ते ! भगवानलाई प्राप्त हुने श्रेष्ठ भोजन मध्ये मलाई खानका लागि दिनुहुने छैन ।"

★ "भन्ते ! भगवान आफ्नो गन्धकुटीमा संगै रहनका लागि मलाई भन्नुहुने छैन ।"

★ "भन्ते ! भगवानलाई निमन्त्रणा प्राप्त भएको ठाउँमा मलाई संगै लानु हुने छैन ।"

"भन्ते ! भगवानलाई यदि मेरा यी चार कुराहरू स्वीकार छन् भने म भगवानको सेवा गर्न तयार छु ।"

"आनन्द, तिमी यसमा के वाधा देख्छौ ?"

"भन्ते ! यदि मैले यी सुविधाहरूको उपभोग गरें भने मानिसहरू भन्न थाल्नेछन् कि 'आनन्द भगवानलाई प्राप्त चीवर लगाउँछ, श्रेष्ठ भोजन खान्छ, गन्धकुटीमा संगै रहन्छ र भगवान संगै निमन्त्रणामा जान्छ । यस्तो लाभ प्राप्त भएकाले भगवानको सेवा गरेको हो' भन्ते यस्तो सेवा गर्नाले कस्लाई वोझ हुन्छ ?"

फेरि आयुष्मान अगाडि बोल्दै गए

"भन्ते ! अरू पनि चारवटा शर्त बाँकि छन् ।"

★ "भन्ते ! मैले स्वीकार गरेको निमन्त्रणामा भगवान अवश्य पाल्नु हुनेछ ।"

★ "भन्ते ! मैले आमन्त्रित गरेर टाढा-टाढाबाट आएका मानिसहरूलाई भगवान तत्काल दर्शन दिनु हुनेछ ।"

★ "भन्ते ! मेरा कुनै शंका समाधानका लागि मैले भगवान संग तुरून्त भेट्न पाउनु पर्छ ।"

★ "भन्ते ! मेरो अनुपस्थितिमा भगवान जुन धर्मदेशना दिनु हुन्छ ती मलाई फेरि सुनाउनु पर्नेछ ।"

"भन्ते ! यदि भगवान मेरा यी थप चारवटा कुरालाई स्वीकार गर्नु हुन्छ भने हजूरको सेवा गर्न म तैयार छु ।"

"आनन्द ! यस्मा तिमी के लाभ देख्छौं ?"

"भन्ते ! यदि मैले स्वीकार गरेको निमन्त्रणामा भगवान जानु भएन, मैले निमन्त्रणा गरेर आएका टाढा-टाढाका मानिसहरूलाई भगवानले तत्काल दर्शन दिनु भएन, यदि मेरा शंका समाधान गर्न भगवानसंग तुरून्त भेट्न पाईन र मेरो अनुपस्थितिमा दिएको धर्मोपदेश भगवानले फेरि मलाई दोहोऱ्याइएन भने मानिसहरू भन्ने गर्छन्, आनन्दले भगवानको के सेवा गऱ्यो, भगवानले उ प्रति त्यति पनि अनुग्रह गर्नुभएन । त्यति मात्र होइन भन्ते ! जब भगवान अगाडि नभएको समयमा यदि कसैले मलाई आनन्द, फलानो गाथा, फलानो सुत्त, फलानो जातक भगवानले कसलाई कहा भन्नु भएको थियो, कुन प्रसंगमा कहाँ भन्नु भएको थियो ? भनेर सोध्दा यदि मैले ठीक-ठीक उत्तर दिन सकिन भने मानिसहरू यस्तो भन्ने छन् कि दिन भर छाँया झैं भगवान को साथमा रहेर पनि आनन्दलाई यति पनि थाहा छैन ?" भन्ते ! यस कारण भगवानले

मेरो अनुपस्थितिमा दिनु भएको धर्मदेशना फेरि मलाई दोहोऱ्याउनुहोस्-म यो चाहन्छु ।"

यस प्रकार चारवटा गर्न नपाउने र चारवटा गर्नैपर्ने गरी जम्मा आठवटा शर्तहरू स्वीकृत गराएर आनन्द भगवानको स्थायी र पूर्णकालिक उपस्थाक बने । भगवान पदुमुत्तरको वरदान पछि अनेक कल्पसम्म आफ्नो पारमिताहरू पूर्ण गर्दै आयुष्मान आनन्दको उपस्थाक पद प्राप्त गर्ने मनोकामना पूर्ण भयो ।

भगवानको उपस्थाकको पद प्राप्त भएको दिनदेखि आयुष्मान आनन्द भगवानको सेवा कार्यमा तन-मन दिएर जुटे । भगवानलाई समय अनुसार चीसो तथा तातो पानीको व्यवस्था गर्दथे । हात-खुट्टा, पिठ्यूँमा मसाज गरेर थकाई मिटाइदिने गर्दथे । गन्धकुटी र त्यसको वरिपरि बढारेर सफा गर्ने गर्दथे । चौबीस घण्टामा दिउँसो शास्तालाई कुन वस्तुको आवश्यक पर्छ भन्ने कुरा आयुष्मान आनन्दले राम्ररी बुझेका थिए । भगवान कहिले के भन्न चाहनु हुन्छ अथवा गर्न चाहनु हुन्छ यस कुराको ख्याल गरेर आनन्द सँधै भगवानको साथमा नै रहन्थे । रातमा मशाल लिएर भगवानको गन्धकुटी वरिपरि चक्कर लगाएर बस्थे ता कि भगवानलाई आवश्यक पर्दा बोलाउने वित्तिक्कै हाजिर हुन सकुन् ।

यसरी पच्चीस वर्षसम्म आयुष्मान आनन्द छाँया झैं भगवानको साथमा रहेर सेवा प्रदान गर्दै रहे । आफ्नो लागि मौन रहेर एकाग्र-चित्त गरेर ध्यान गर्ने अवसर पनि उनले पाएनन् । अतः भगवानको जीवन कालमा आनन्द केवल सोतापन्न मात्र हुन सके जबकि आनन्दले जीवनमुक्त हुने विद्या खूव जान्दथे र अनेकौंलाई सिकाएर जीवन मुक्त पनि बनाए । तर आफ्नो जिम्मामा रहेको बुद्ध, धर्म र संघको सेवा गर्ने कार्यको अगाडि अन्य कुनै कार्य त्यति महत्वपूर्ण थानेन । पच्चीस वर्षसम्म मैत्री चित्तद्वारा कायिक, वाचिक र मनोकर्मले बुद्ध, धर्म र संघको सेवा गर्दै रहे ।

एकपटक त्रिरत्न प्रति श्रद्धाभाव राख्ने विषयलाई लिएर आयुष्मान आनन्दलाई बुझाउनु हुँदै भगवानले भन्नुभयो–

"आनन्द ! जो व्यक्ति प्रति तिमी दया गर्छौ, जो व्यक्ति तिम्रो कुरा सुन्न योग्य थान्छ, चाहे त्यो व्यक्ति तिम्रो मित्र होस्, नातेदार होस्, परिवारका सदस्य होस् उनीहरूलाई तीन कुराको सल्लाह दिनु पर्छ, यी तीन कुरामा स्थापित गर्नुपर्छ ।"

"बुद्धको प्रति अचल श्रद्धा राख्ने सल्लाह दिनु पर्छ । बुद्धकोप्रति अचल श्रद्धामा स्थापित गर्नु पर्छ, बुद्धको प्रति अचल श्रद्धामा प्रतिष्ठित गर्नु पर्छ– यस्तै हुनु हुन्छ उहाँ भगवान ! अर्हत सम्यक सम्बुद्ध, विद्या तथा सदाचरण सम्पन्न, उत्तम गति प्राप्त, समस्त लोकका ज्ञाता, सर्वश्रेष्ठ, बाटो बिराएका व्यक्तिहरूलाई सही मार्ग देखाउने, देवता तथा मनुष्यहरूका शास्ता–बुद्ध भगवान ।"

"धर्मको प्रति अचल श्रद्धा राख्ने सल्लाह दिनुपर्छ, धर्मको प्रति अचल श्रद्धामा स्थापित गर्नु पर्छ, धर्मको प्रति अचल श्रद्धामा प्रतिष्ठित गर्नुपर्छ– भगवानद्वारा आख्यात गरेको धर्म सांदृष्टिक छ, काल्पनिक छैन, प्रत्यक्ष छ, तत्काल फलदायक छ, आऊ, तिमीहरू पनि गरेर हेर भन्न लायकको छ, यो मार्गले निर्वाण सम्म लैजान्छ त्यसैले प्रत्येक बुद्धिमान व्यक्तिले यसको प्रयोग गर्न योग्य छ ।"

"त्यस्तै संघको प्रति अचल श्रद्धा राख्ने सल्लाह दिनु पर्छ, संघको प्रति अचल श्रद्धामा स्थापित गर्नुपर्छ, संघको प्रति अचल श्रद्धामा प्रतिष्ठित गर्नुपर्छ– भगवानको श्रावक संघ सुमार्गमा हिंडने व्यक्तिहरू हुन्, उनीहरू सोझो-सीधा मार्गमा हिंड्छन्, सत्यको मार्गमा हिँड्छन् र उचित मार्गमा हिंड्छन् । यी मार्गफल प्राप्त गरेका र मार्ग फल प्राप्त गर्ने बाटोमा लागेका चार जोडीका आठ पुरुष-पुद्गलहरू नै भगवानका संघ हुन् । यिनीहरू आह्वान गर्न योग्य छन्, पाहुना बनाउन योग्य छन्, दक्षिणा दिन योग्य छन् अञ्जलिबद्ध नमस्कार गर्न योग्य छन् । मानिसहरूका यही श्रेष्ठत्तम पूण्य क्षेत्र हुन् ।"

"आनन्द ! पृथ्वी धातु, जल धातु, अग्नि धातु तथा वायु धातुका परिवर्तन (अन्यथात्व) हुन सक्छ । तर बुद्धमा अचल श्रद्धा राख्ने आर्य श्रावकको त्यस्तो हुन सक्दैन । आनन्द, यस्तो भन्नुको तात्पर्य बुद्धमा अचल श्रद्धा राख्ने आर्य श्रावक नरकमा उत्पन्न हुन्छ, पशु योनिमा जन्म लिन्छ, प्रेत योनिमा जन्म लिन्छ– यस्को सम्भावना नै छैन ।"

"आनन्द ! पृथ्वी धातु, जल धातु, अग्नि धातु तथा

वायु धातुका अन्यथात्व (परिवर्तिकरण) हुन सक्छ तर धर्म तथा संघमा अचल श्रद्धा राख्ने आर्य श्रावक नरक योनि, पशु योनि तथा प्रेत योनिमा कतै पैदा हुँदैन ।"

"आनन्द ! त्यसैले जो प्रति तिम्रो अनुकम्पा छ, जस्ले तिमीलाई सुन्न चाहन्छ चाहे तिम्रो त्यो मित्र होस्, चाहे नातेदार होस, चाहे परिवारका सदस्य होस् उनीहरूलाई यी तीन कुरामा संस्थापित गर्न र प्रतिष्ठित हुने सल्लाह दिनु ।"

सँधै झैं आयुष्मान आनन्द भगवानलाई भेट्न गए । भगवानलाई अभिवादन गरिसकेपछि एकतिर बसेका आनन्दलाई भगवानले सोध्नु भयो ।

"आनन्द ! के सबै प्रकारका शील-ब्रत, सबै प्रकारका जीवन शैली, सबै प्रकारका ब्रह्मचर्य र सबै प्रकारका उपस्थान-सार (सेवा) सफल हुन्छन् ?"

"भन्ते ! यी सबै सँधै सफल हुँदैनन् ।"

"आनन्द ! त्यसो भए विस्तृत रूपमा उत्तर देऊ ।"

"भन्ते ! जुन शील-व्रत, जुन जीवन शैली, जुन ब्रह्मचर्यको पालन गर्नाले अकुशल धर्म बढ्छ र कुशल धर्म नाश हुन्छ भने त्यस्तो शील-व्रत त्यस्तो जीवन शैली, त्यस्तो ब्रह्मचर्य र त्यस्तो सेवा निष्फल हुन्छ । त्यस्तै जुन शील-ब्रत, जुन-जीवन शैली, जुन ब्रह्मचर्य, जुन उपस्थान सार (सेवा) द्वारा अकुशल धर्म नाश भई कुशल धर्म बढ्छ त्यस्तो शील-ब्रत, त्यस्ता जीवन-शैली, त्यस्तो ब्रह्मचर्य तथा त्यस्तो उपस्थान-सार (सेवा) सफल हुन्छ ।"

आयुष्मान आनन्दको उत्तर सुनेर शास्ता संतुष्ट हुनुभयो । आफ्नो उत्तरद्वारा शास्ता सन्तुष्ट भएको थाहापाएर आयुष्मान आनन्द भगवानलाई प्रदक्षिणा गरेर आफ्नो काममा लागे ।

तब भगवानले आनन्द गईसकेपछि भिक्षुहरूलाई बोलाएर भन्नुभयो– "भिक्षुहरू ! आनन्द, अहिले पनि शैक्ष्य नै छ तर पनि उनको प्रज्ञा संग तक्कर दिन सक्ने व्यक्ति सुलभ छैन ।"

आयुष्मान आनन्द भगवान शास्ताले झैं धर्म उपदेश दिनमा सक्षम थिए । उनको यस्तो गुणका बारेमा भगवानले ठाउँ-ठाउँमा प्रशंसा गर्नु भएको छ । त्यस्तै उनको गुण सबै जान्दथे कि उनी सबैलाई प्रसन्न राख्ने, दर्शनीय, बहुश्रुत र संघको शोभा हुन् । उनका यी गुणहरूको कारण उनको दर्शनका लागि भिक्षु-भिक्षुणीहरू, उपासक-उपासिकाहरू आउने गर्दथे । उनी भिक्षु-भिक्षुणी, उपासक-उपासिका, श्रावक-श्राविका, तैर्थिक तथा भगवानका प्रिय थिए । उनको व्यवहारबाट सबै प्रसन्न थिए, सबै उनलाई मनपराउँथे । बडो प्रेमपूर्वक सबैलाई भगवान को दर्शन गराउने गर्दथे र मानिसहरूका शंकाको समाधान गर्दथे । पिारस्थिति हेरेर बुद्ध, धर्म र संघमा मानिसहरूलाई प्रतिस्थित गराउन सहायक भईरहन्थे ।

भगवानको दर्शनका लागि जब भिक्षुहरू टाढा-टाढाबाट आउँथे तब दर्शन गराउनु भन्दा अघि आयुष्मान आनन्द बडो प्रेम पूर्वक उनीहरूको हाल-चाल सोध्दथे । बाटोमा कुनै कष्ट भयो-भएन, भोजन राम्ररी गर्न पायो-पाएन, सोच-विचार गरेर काम गरिरहेको छ-छैन, साधना ठीक तरिकाले भईरहेको छ-छैन, आचार्य-उपाध्यायको व्रत पूर्ण भइरहेछ कि छैन आदि प्रश्न गरेर राम्ररी मैत्रीपूर्वक जानकारी प्राप्त गर्दथे । सबैलाई समान रूपले स्वागत गर्दथे ।

त्यस्तै उपासकहरू भेट्न आउँदा पारिवारिक मैत्रीपूर्ण हाल-चाल सोध्दैनथे, धर्मको अनुरूप हालचाल सोध्दथे "उपासकहरू ! तीन शरण तथा पाँचशीललाई राम्ररी पालन गरीरहेका छौ ? आमा-बुबाको सेवा ठीक तरीकाले भइरहेछ कि छैन ? उपोसथ व्रतको पालन समयमा नै भएको छ-छैन ? साधु-सन्त, श्रमण-ब्राह्मणको पाल-पोषण गर्न दान-दक्षिणा दिएको छ-छैन ?" त्यस्तै उपासिकाहरूलाई पनि उनीहरूको हाल-चाल सोध्दथे ।

यसरी आयुष्मान आनन्द भिक्षु-भिक्षुणी तथा उपासक-उपासिकाहरूलाई समान रूपले, व्यवस्थित पूर्वक भगवानको दर्शन गराउने गर्दथे । त्यस्तै उनीहरूद्वारा भगवानलाई प्राप्त दानको पनि सही ढंगले उपयोग गर्दथे । यस सम्बन्धमा आनन्दले गरिने वस्त्रको व्यवस्था अत्यन्त प्रेरणादायी छ ।

एकपटक महारानी सामावतीले महाराज उदयनसंग दिनहुँ पाँचसय भिक्षुहरूका साथ भगवान राजभवन पधारेर धर्म उपदेश सुन्ने व्यवस्था मिलाईदिन निवेदन गरे । महाराजले महारानीको इच्छा बमोजिम भगवानसंग प्रार्थना गरे । भगवानले आयुष्मान आनन्दलाई यसको जिम्मा दिनुभयो । त्यस समयदेखि पाँचसय

भिक्षुहरू सहित आनन्द नियमित रूपले राजकुलमा भोजनको लागि जान थाले । महारानी प्रतिदिन आफ्नै हातले भोजन पस्केर खुवाउने गर्दथिन् ।

एकदिन धर्म उपदेश सुनेपछि अधिक प्रसन्न भएर पाँच सय भिक्षुहरूका लागि उत्तरासंग दान दिईन् । महाराज उदयन आश्चर्य भए कि यति धेरै वस्त्र भिक्षुगण के गर्छन् ? आफ्नो जिज्ञासा मेट्न राजा आयुष्मान आनन्द कहाँ भेट्न गए र यस विषयमा कुरा उठाए । राजाले सोधिहाले "भन्ते ! यतिका वस्त्र तपाईं के गर्नु हुन्छ ?"

आयुष्मान आनन्दले जवाफ दिए– "महाराज ! हामीलाई चाहिने वस्त्र लिन्छौं र बाँकी वस्त्र जस्को चीवर पुरानो भई सकेको छ उसलाई दिन्छु ।"

महाराजले पुनः सोधे– "भिक्षुहरू आफ्ना पुराना वस्त्र के गर्दछन् ?"

"जस्को त्यो भन्दा पनि पूरानो छ, उनीहरूलाई दिन्छन् ।"

"ती पूराना वस्त्रहरूलाई के गर्छन् ।"

"महाराज ! ती विछ्याउने, ओड्ने कामका लागि प्रयोग गर्छन् ।"

"आयुष्मान ! ती पूराना विछ्याउने, ओड्ने कपडा के गर्छन् ।"

"ती जमीनमा विछ्याउने कपडाको रूपमा प्रयोग गर्छन् ।"

"जमीनमा विछ्याउने कपडा पूरानो भए के गर्छन् ?"

"महाराज ! खुट्टा पुछ्ने कामका लागि प्रयोग गरिन्छ ।"

"भन्ते ! ती पनि पुराना हुन्छन्, तब के गर्छन् ?"

"त्यस्लाई टुक्रा-टुक्रा गरेर माटोमा मुछेर भित्ता लेप्ने कामका लागि प्रयोग गरिन्छ ।"

आयुष्मान् आनन्दको उत्तर सुनेर राजा प्रसन्न भए र अरू पाँचसय वटा वस्त्र पुन दान दिए । भगवान शास्ताको महापरिनिर्वाण पछि स्थविर आनन्द पूरा जम्बुद्वीपमा घुम्दै विहारहरूमा गएर जजस्लाई आवश्यक परेको छ तिनीहरूलाई ती वस्त्र दान दिए ।

*(साभारः बुद्ध वर्ष २५५८, २०७१ बैशाख, वर्ष ३१, अङ्क १०)*

## आवरण चित्र परिचय बाँकी अंश

हुनुभई उहाँका छाँया समान हुनुभई साथ रहनुभएको थियो उहाँको स्मरणशक्ति यति प्रवल थियो कि भगवान् बुद्धको सबै उपदेशहरू उहाँमा एक-एक शब्द कंठस्थ थिए । यस महत्वपूर्ण सम्मेलनको आयोजनामा भिक्षु आनन्दको सहभागी अनिवार्य थियो । यस कार्यक्रममा केवल अरहन्त व्यक्तिहरू मात्र सहभागी हुन सकिन्थ्यो । तर भिक्षु आनन्द श्रोतापन्न मात्र हुनुहुन्थ्यो । त्यसकारण यस कार्यक्रममा उहाँलाई सम्मिलित गर्न सकिंदैनथ्यो । त्यसैले भदन्त आनन्दले रातभर परिश्रम गरेर अरहन्त अवस्था सम्मको ज्ञान प्राप्त गरिछोड्नु भयो । फलस्वरूप अर्कोदिन विहानपख प्रारम्भ हुने उक्त सम्मेलनमा भिक्षु आनन्द पनि सम्मिलित हुनुभयो ।

यस प्रथम संगायना भदन्त काश्यपको अध्यक्षतामा सञ्चालन भयो । भदन्त उपालिले विनय सम्वन्धी सबै प्रश्नहरूको उत्तर दिनुभयो । भदन्त आनन्दले धर्म सम्बन्धी सबै प्रश्नहरूको उत्तर दिनुभयो । यसलाई सबै ५०० जना अरहन्त भिक्षुहरूद्वारा यस धर्मशिक्षालाई र सत्यतालाई समर्थन गरी एकैसाथ वाचन गरिएको कारण यसलाई 'संगीति' अर्थात् 'संगायना' भनियो । ५०० जना अरहन्त भिक्षुहरूबाट वाचन गरिएको कारण यसलाई 'पञ्चसतिका संगीति' पनि भनियो । यस संगायनाले भगवान् बुद्धको वाणीलाई शुद्ध रूपमा कायम राख्नको लागि महत्वपूर्ण कार्य गरियो ।

**सुत्तन्तेसु असन्तेसु, पमुट्ठे विनयम्हि च ।**
**तमो भविस्सति लोके, सूरये अत्थङ्गते यथा ॥**

*- अ.नि.अट्ठ. १.१.१३०, दुतियपमादादिवग्ग वण्णना*

धर्मसूत्र विद्यमान नरहँदा र धर्मपालन विस्मृत भएमा संसारमा सूर्यास्त - सदृश अन्धकार छाउने हुन्छ ।

■

**धर्मकीर्ति पत्रिका विशेष सदस्य**

क्र.सं. ९७९

**युवक बौद्ध मण्डल, नेपाल**

ललितपुर

रु. २,०००/–

# सोणा

*लेखिका-* **कुमारी विद्यावती मालविका**
*नेपाल भाषामा अनुवाद-* **माधवी गुरुमां**
*नेपाली भाषामा अनुवाद-* **वीर्यवती**

घर परिवारको उन्नति र अभिवृद्धिबाट सोणा सन्तोष थिइन् । उनको सबै आवश्यकता परिपूर्ण थियो । मनग्गे छोरा र मनग्गे छोरी सबै गरी १० जना सन्तान थियो । उनको आफ्नो मनले चिताए जस्तो श्रीमान् थियो । एकदिन एउटा बिशेष उत्सवको आयोजना भइरहेको थियो । शीतल हावा चलिरहेको थियो । यस्तो रमणिय वातावरणको आनन्द लिएर उनको गृहस्वामी कुनै विचारमा लीन भइरहेको थियो । सोणाले आफ्नो श्रीमान् समक्ष विस्तारै प्रश्न राखिन्– "आर्यपूत्र ! ठूली बुहारीको लागि केही गरगहनाको ब्यवस्था मिलाउनु थियो ।" यो कुरो सुनी उनको श्रीमान्को ध्यान भङ्ग भयो । उसले भन्यो– "छोरालाई भन न, उसले ल्याइ दिइ हाल्छ नि ।"

उनले भनिन्– "होइन, तपाईंले नै ल्याइदिनुस् । हामी छँदाछँदै उसलाई घरको मामिलामा किन बोझ बोकाउने ? मेरो बिचारमा यस्तो गर्नु उचित छैन ।"

श्रीमान्ले भन्यो– "सोणा ! आजले बीस बाइस बर्ष भइसक्यो, तिम्रो लागि यही साधारण दुईजोर लुगा बाहेक मैले अरू केही पनि दिएको छैन । तिमीले यिनीहरूलाई पालनपोषण गरी यति ठूलो पारिसक्यौ । अब तिमी आनन्दको श्वास फेरेर बस्नु ।"

बृद्धा सोणाले बिचार गरिन्, उनको श्रीमान् बृद्धावस्थामा पुगेको कारणले आवश्यक खर्च मात्र गर्ने भएको होला । त्यसैले बेलाबेलामा उनी जिद्दी गर्ने गर्थिन्, कहिले गहना त कहिले लुगाफाटो गरी माग राख्ने गर्थिन् । छोराहरू भने जबसम्म बुबाले गृहस्थी चलाई रहन्छ, तबसम्म आफूहरू आनन्दले बस्ने चाहना राख्दो रहेछ ।

एकदिन दिक्क मानेर गृहपतिले भन्न थाल्यो– "अब त अति नै भयो, सोणा ! मैले यो सबै गृहस्थ ब्यवहार धानिरहन सक्दिन ।" सोणा पनि दिक्क भइसकेकी थिइन्, उनकै कारणले कान्छी बुहारीलाई सुनको सिक्री दिन नसकिरहेको । उनले भनिन्– "के गर्ने त अब ?

श्रीमान्– "जहाँ भएपनि म गइदिन्छु"

यस्तो कुरा सुनेर सोणाले उसलाई पहिला झैं फकाउने काम गरिनन् । त्यसैले उनले बरोवर भन्ने गर्न थाल्यो– "कुन दिन पर्छ, म यो घर छाडी गईदिन्छु । अनि मलाई सम्झिरहनु पर्नेछ ।" दिनहुँ यस्तै बोली सुन्दै सोणा आफ्ना छोरा नाति-नातिनाहरूको बीच मायामोहमा भुलेर दिन बिताउँदै थिए । यस्तो स्थितीमा एकदिन गृहपती दुःखी भएर साँच्चिकै घर छोडेर हिँडिदियो ।

श्रावस्तीको कुलीन परिवारमा जन्मिएर उच्चघरानामा जीवन बिताइआएकी सोणाले सन्ध्या भयो, राती भयो, तैपनि उनको जीवन सर्वस्व, आफ्नो जहान घर नफर्केको देखी छोराहरूलाई भन्न गइन् । छोराहरूले पनि यता उता खोज्न गए, तर आफ्नो बुबालाई भेट्टाउन सकेनन् ।

एक दिन, दुई दिन, गर्दागर्दै कयौं दिन बिते, तर गृहपति घर फर्केन । सोणा कसैलाई केही नबोली चुपचाप आफ्नो कोठामा बसिरहिन् । बल्ल एकदिन उनले थाहा पाइन् कि उनको श्रीमान्ले सांसारिक माया मोह त्याग गरी प्रव्रज्या ग्रहण गरेको रहेछ । उ त्रिरत्नको शरणमा गइसकेको रहेछ । अनि रूँदारूँदै सोणा डुब्ली हुँदै गईन् । आफ्नो मनलाई धैर्य गर्न सकिनन् । अनि उनले आफ्नो सम्पत्ति सबै छोराहरूलाई बाँडिदिइन् । यसबाट उनलाई एकातिर त आनन्द नै महशूस भयो, भने अर्कोतर्फ उनका सबै छोरा बुहारीहरूलाई पनि स्वतन्त्रता प्राप्त भयो । बुहारीहरूले शुरू शुरूका केही दिनसम्म त सोणाको खानपिनमा हेरविचार पुऱ्याए । तर, पछि उनलाई बेवास्ता गर्न थाले । उनीहरूले विचार गर्न थाले– "यी बुढी केही काम नगरी त्यसै बसी बसी

खान्छे। हामी भने जोतिएर काममा खटिनु पर्ने।"

यसरी स्वार्थवस् उनीहरूको दूषित मनले सोणा एउटा अनावश्यक बोझ जस्तो महशूस हुन थाल्यो। आफ्नो छोराछोरी र बुहारीहरूको लागि सर्वस्व त्याग गर्ने त्यस सोणालाई पलपल पिच्छे निरादर गर्न थाले। बुहारीहरूले आ-आफ्ना श्रीमान्लाई कुरै कुरामा सासु (सोणा) को विषयमा भए-नभएका दोषयुक्त चुकली कुरा लगाउन थाले, जसले गर्दा उनीहरूले (छोराहरूले) पनि आफ्नी ममतामयी आमालाई हेरबिचार पुऱ्याउन छाडे। नोकर चाकरहरूले समेत उनको कुनै कुराको मतलब राख्न छोडे। सुने नसुनेझैं गरी उनको कुनै पनि काम नगरिदिने भए। दिनहुँ त्यस्तो अपमान सहन परेकी सोणाले आफ्ना श्रीमान्ले एकदिन भनेको कुरा सम्झन पुगिन्– "जुन दिन म यस घरबाट बाहिरिनेछु, त्यसदिन तिमीले थाहा पाउने छौ सोणा।" बल्ल सोणाले उसको कुरा बुझिन्। उनले निश्चय गरिन्, म पनि भिक्षुणी भई श्रीमान्ले अपनाएको बाटोको अनुगामी हुनेछु।"

दुर्बल सोणा झुत्रो लुगा लगाएर भिक्षुणी संघमा गईन् र प्रव्रजित भइन्। परन्तु उनीलाई बारम्बार नातिनातिनाहरूको हँसिलो अनुहारको सम्झनाले सताउँथ्यो। अनि चित्तमा मोह र अशान्तिले खलबलि मच्चाइदिन्थ्यो। तैपनि भगवान्को अमृतमय उपदेश सुनेर ज्ञानलाई साकार गर्न उनी कठीन साधना गर्न थालिन्। आफ्नो साधनामा उनी सफल पनि भइन्। भगवान् महाकारूणिकले पनि उनको साधनालाई प्रशंसा गर्नुभयो। अनी उनलाई अध्यवसाय गर्ने कार्यमा भिक्षुणीहरूमध्ये अग्रणी पद प्रदान गर्नु भयो। सोणा कृतार्थ भइन्। उनले अर्हत पद प्राप्त गरिन्।

आफ्नो जीवनलाई फर्केर (पर्यवेक्षण) हेर्दै भिक्षुणी सोणाले गाथाद्वारा आफ्नो मनोभाव यसरी व्यक्त गरिन्–

"जीर्ण दुर्बल स्थितीमा भिक्षुणी भएँ। धर्मोपदेश सुनी मैले कपाल (केश) काटी प्रव्रजित भएँ। मुक्ति प्राप्त गरी अनाशक्त भई निर्वाण पद प्राप्त गर्न सफल भएँ। अब मेरो पुनर्जन्म हुने छैन। मैले पञ्चस्कन्धको जरालाई नै उखेली सकें।" ■

*स्रोत- आदर्श बौद्ध महिलाहरू*

## बुद्ध सम्वन्धी केही जानकारीहरू

★ नन्दकुमारलाई उसको अभिषेक, गृह प्रवेश र विवाहको दिनमा प्रव्रजित गरिएको थियो। आफ्नै दिदी नन्दाकुमारीसँग उनको विवाह हुन लागेको थियो।

★ बुद्धसँग अंश माग्न आउने एउटै व्यक्ति थिए; त्यो हो उहाँकै ७ वर्षिय छोरो राहुल कुमार।

★ बुद्धसँग अंश माग्न आउने राहुल कुमारलाई बुद्ध कपिलवस्तु पुगेको सातौ दिनमा प्रव्रजित गरिएको थियो।

★ बुद्ध शासनमा सर्वप्रथम श्रोतापन्न हुने महिला थिइन् कुररघरकी काली उपासिका। उनी बुद्धलाई नभेटिकनै श्रोतापन्न भएकी थिइन्।

★ आनन्द, अनुरूद्ध, भद्दिय, भगु, किम्बिल, देवदत्त (सबै शाक्यहरू) र उपालि नाउ - यी ७ जना सँगै भिक्षु भएका थिए। यी मध्ये उपालिलाई सबैभन्दा पहिले प्रव्रजित गरिएको थियो।

★ बुद्ध भई ५ वर्ष पछि अर्थात् ९८ वर्षको उमेरमा शुद्धोदन परिनिर्वाण भएको थियो। (हे. १०७)

★ शुद्धोदन - कपिलवस्तुको राजा। पिता : सिंह हनु। आमा : कंचना। भाइहरू : धौतोदन, शुक्लोदन, अशुक्लोदन (शुक्रोदन), अमृतोदन। बहिनीहरू : अमृता र प्रमिता। पत्नीहरू : महामायादेवी र प्रजापति गौतमी। छोराहरू : सिद्धार्थ र नन्दकुमार। छोरी : नन्दाकुमारी।

★ शुद्धोदनको प्रथम सन्तान थियो नन्दा नामक छोरी।

★ शुद्धोदनको जन्म ई. पू. ६२० मा भएको थियो। ३७ वर्षको उमेरमा विवाह भयो। विवाहको २० वर्ष पछि, ५७ वर्षको उमेरमा प्रथम पुत्र सिद्धार्थ पाएको थियो।

★ बुद्ध ५५ वर्षको हुँदा उहाँको सेवक बनिरहेको भिक्षु नागसमालले बुद्धको पात्रलाई अनादर गरी भुइँमै राखेर अन्यत्र लागेकोले बुद्धलाई एक जना स्थायी सेवकको खाँचो परेको थियो।

★ त्यसैले बुद्ध ५५ वर्षको छँदा भिक्षु आनन्द बुद्धको स्थायी नीजि सेवक बनेको थियो। त्यतिबेला आनन्द पनि ५५ वर्षकै थियो र उनी २५ वर्षसम्म बुद्धको स्थायी सेवक रहिरहे।

*साभार- बौद्ध दर्पण*

## कथिन दान

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# कथिन निदान कथा

– भिक्षु ज्ञानेश्वर महास्थविर

श्री भगवान तथागत सम्यक् सम्बुद्ध कोशल जुजुया राजधानी श्रावस्ती नगरया जेतवन विहारय बिज्याना च्वंगु समयय् कोशल जुजुया हे ३० म्ह काय्पिं भद्रवर्गीय भिक्षुपिं पावाय् बिज्याना च्वंगु खः। वर्षावास न्ह्योने थ्यंकः वःगुलिं वसपोल भद्रवर्गीय राजकुमार भिक्षुपिसं विचाः याना बिज्यात– "भगवान तथागतया दर्शन याना थःगु देश श्रावस्ती नगरय् हे वर्षावास याये।" थुकथं विचाः याना पावां पिहाँ बिज्यात। अबले वा वये धुंकूगु खः। अबले थौं म्हिगः थें लँ बामंलाः। लँ साप बांमलाःगुलिं याना वसपोल राजकुमार भद्रवर्गी भिक्षुपिन्त साब हे दुःख कष्ट जुल। उकिं लँय् साकेत नगरय् हे वर्षावास च्वना बिज्याये माल। वसपोल भद्रवर्गीय राजकुमार भिक्षुपिं साकेत नगरय् न्हापांगु वर्षावास च्वना बिज्याये धुनेवं पुरिम पवारणा याना श्रावस्तीया जेतवन स्वया बिज्यात। वर्षाया मौसम जूगुलिं याना उगु समय तःसकं वां वया च्वंगु खः। स्वीम्ह भद्रवर्गीय राजकुमार भिक्षुपिं वां दायेका बिज्याये माःगुलिं तःसकं दुःख सिया बिज्याये माल। वसपोलपिनिगु चीवर भ्यातनाले किना तःसकं बांमलात। भगवान महाकारुणिक तथागतं स्वीम्ह भद्रवर्गीय राजकुमार भिक्षुपिं नाप वार्तालाप याना बिज्यात। स्वीम्ह राजकुमार भिक्षुपिस थःथः पिसं दुःख कष्ट नया वयागु खँ कना बिज्यात। भिक्षु पिनिगु चीवर भ्यातनालं क्यूगु स्वये हे मज्यूगु दशा खंका महाकारुणिक तथागतया मन करुणा बाः वल। अले भविष्यय् थथे सु भिक्षुपिन्त चीवरया अभावय् कष्ट थ मजुइमा धकाः थुगु कथिन दान चीवर बीगुयात अनुमति बिया बिज्यात।

**कथिन दानया महत्व**

कथिन शब्दया अर्थ तसकं क्वातु व दुधं खः। गथे छें वनेगु इलय् उकिया जग तःसकं क्वातुक्क दुधंक व बःलाक तयेमाः अले जक व छें क्वातुसे च्वनी। हानं अथे हे सिमां प्यखेरं हा क्वातुक ज्वना तःसा जक व सिमां प्यंगू दिशां वइगु फय्यात सहयाये फइ। वथें हे कथिन शब्दया अर्थ नं क्वातुसे बलासे व दुधंसे जुया दानया नियमयात ऋद्धिवान व्यक्तिपिसं नं उखेथुखे बदले याये फइमखुगु जुया च्वन।

सुं व्यक्ति नं छ्याये फ्वाये यायेगु वा हिलेगु याये फइमखु कथित दानया नियम थथे खः –

(क) कथिन दान बीगु समय

(ख) कथिन दान बीगु वस्तु

(ग) कथिन दान ग्रहण याइपि संघ

(घ) कथिन दान बीखुनुया यायेगु कर्म

(ङ) कथिन दान बी धुंका प्राप्त जुइगु फल।

**कथिन दान बीगु समय :**

च्वय् न्ह्यथनागु हिले मफुगु न्यागू नियम मध्ये थ्व न्हापांगु नियम कथिन दानया समय सम्बन्धी नियम खः। कथिन दान बीगु समय कार्तिक लच्छि (कतिं पुन्ही निसें सकिमिला पुन्ही) तक

या दुने हे जक खः। कथिन दान थ्व लच्छिया दुने हे बी फयेके माः। दच्छिया १२ ला दइ। तर सुं न व्यक्ति कथिन दान बीगु न्ह्याथे हे तःधंगु इच्छा याःसां कार्तिक लच्छि तोता मेमेगु गुगु नं महिनाय् कथिन दान बी फइ मखु।

थुगु कथिन दान बीगुया निंतिं विहितगु समय तःसकं श्रद्धा मदयेकं बी अःपु मजूगु खराबगु अवस्था खः। छाय्धाःसा उगु समय (थ्व महिना) प्रत्येक व्यक्तियाके ध्यबा मदया च्वनीगु समय खः। उगु कार्तिक महिना वा बांलाक सइ मखुनिगुलिं आर्थिक शक्ति बःलाइ मखुनि। तर अथे धका सुयातं नं आय मदुगु थ्व समय धका समय परिवर्तन याये माःसा नं समय परिवर्तन याये फइ मखु।

धनं सम्पन्नगु महिनाय् अर्थात् बांलागु इलय् हे जक कथिन दान याये थुकथं विचाः याना महिना परिवर्तन याये यःसां नं परिवर्तन यायेफइ मखु। न्ह्याक्क हे मौसम खराब जूसां न्ह्याक हे आर्थिक स्थिति बांलाःसां नं कथिन दान बीगु समय परिवर्तन याये फइ मखु। केवल कार्तिक लछिया हुने हे जक कथिन दान यायेमाः।

थ्व हे कारणं कथिन दान बीगु समय अपरिवर्तनीय जुया क्वातुसे बलासे च्वना दुग्यना च्वन।

कथित दान बीगु वस्तु :

**कथिन दान बीगु वस्तु स्वंगू जक दु –**

(क) अन्तरवासक

(ख) उत्तरासंग

(ग) संघाटि

थुपिं स्वता वस्तु मध्ये न्ह्याग्गुसां छता कापः हे जक कथिन दान जुइ। थ्व स्वता तोता न्ह्याक्व हे मू वंगु कापः यदि सुं साहु महाजनं कथिन दान बीगु इच्छा याःसां कथिन दान बी फइ मखु। थ्व स्वंगू प्रकारया चीवर बजारय् काचाक्क कायेगु दइ मखु। नेपाल व भारतथें जागु देशय् थ्व काचाक्क उपलब्ध मजू। मेगु अबौद्ध देशय् ला झन चीवरया नां जक हे नं दइ मखु। इपिं चीवर सुइगु तरिका सइ मखु। तर अथे धका व हे कारणं कार्पेट, कम्बल दान बी धका दायक दायकापिनि मती तःसा व कथिन दानया श्रद्धा चेतना बांलाःसां नं सुं व्यक्ति अथे मेगु कापतं कथिन दान यायेफइ मखु। श्रद्धा सम्पन्न उपासक उपासिकापिसं ब्यूगु स्वता प्रकारया चीवर वस्त्र मध्ये छगू चीवर द्वारा हे जक कथिन दान बी फु। थुगु कथं कथिन दानय् दान बीगु वस्तुली नं परिवर्तन यायेफइ मखु।

थ्व हे कारणं दान बीगु वस्तु रूपं थुगु नियम अपरिवर्तनीय जुया क्वातुसे व बलासे च्वना च्वगु जुल।

**कथिन दान ग्रहण याइपिं संघ :**

कथिन दान ग्रहण याइपिं व्यक्तिपिं संघ हे जक जुइमाः। छम्ह व्यक्ति कथिन दान ग्रहण याना काये फइ मखु। सुं दायकं फलानाम्ह भन्ते जिमि दाजु खः, फलानाम्ह भन्ते जिमि किजा खः, म्हस्यूम्ह खः, तःसकं विद्वानम्ह खः, जि वयात हे जक कथिन दान बी धका थुकथं विचाः याना सुयात नं कथित दान बी फइ मखु। कथिन दान बीम्ह उपासक वा उपासिका, भिक्षु वा भिक्षुणी, श्रामणेर वा श्रामणेरी न्ह्याम्ह हे जूसां "इमं कथिन चीवरं भिक्खु संघस्स देम' अर्थात् थुगु कथिन चीवर भिक्षु संघयात बिया धका ब्यूगु चीवर हे सांघिक जूगुलिं संघ हे जक कथिन दानया ग्राहक जुइ। थथे मजूसे कथिन दान वस्तुयात "भन्ते जिं छपिन्त बियाÆ धया ब्यूगु कथिन दान जुइ मखु। व व्यक्तिगत दान जूवनी। सांघिक दान जुइ मखु। "व थुम्ह भन्ते जिम्ह हे भन्ते खः। जिं वयात हे बी, थुम्ह भन्ते शील, समाधि व प्रज्ञां सम्पन्नम्ह खः। जिं वयात हे बी।Æ थुकथं व्यक्तिगत रूपं सुयातं दान बियां कथिन जुइ फइ मखु। न्ह्याक हे श्रद्धां सम्पन्न जूम्ह दायक जुइमा कथिन दान संघयात हे बी माः। सुं व्यक्तिया नामय् कथिन दान बी फइ मखु। आर्य भिक्षु संघयात हे कथिन दान बी फयेमाः। आर्य संघं हे कथिन दान ग्रहण याना कथिन कर्म याये फु। आर्य भिक्षु संघं प्राप्त जूगु कथिन वस्तुयात गनं सिमा गृहय् वना ज्ञाति कर्म वाचाद्वारा भिक्षु संघद्वारा सुं भिक्षुयात कथिन वस्त्र बी फु।

आर्य भिक्षु संघ नं कथिन सुयात माल उम्ह भिक्षुयात बी फइ मखु। दायकं आमन्त्रित विहारया दकसिबे थकालिम्ह महास्थविरयात हे कथिन दान बीमाः। तर उम्ह महास्थविरं नं उगु विहारय् आषाढ पुन्हिया कन्हे खुनु निसें वर्षावास च्वना प्रथम वर्षावास क्वचायेके फुम्ह जुइमा अले हे जक कथिन दान ग्रहण याये योग्यम्ह उम्ह भिक्षु जुइ। श्रावण पुन्हि धुंका वर्षावास च्वना पच्छिमा वर्षावास च्वनीम्ह भिक्षुयात कथिन दान ग्रहण यायेगु अधिकार दइ मखु। न्हापांगु वर्षावास च्वनीम्ह भिक्षुं नं उगु विहारय् वर्षावास शुरू निसें अन्त तक त्वाः मदयेक मस्यंक वर्षावास च्वंम्ह भिक्षु जुइमाः। आर्य भिक्षु संघ मेगु कथं सुयातं सुं भिक्षुयात पक्षपात याना प्राप्त कथित दान कथिन वस्त्र मेपिन्त बी फइमखु। पक्षपात याना यदि सुं मेम्ह भिक्षुयात कथिन वस्त्र बिल धाःसा उगु कथिन दान सफल कथिन दान कर्म जुइ मखु। थुगु कथं वस्तु चीवर ग्रहण याइम्ह भिक्षुयात नं परिवर्तन याये फइ मखुगु अर्थ नं थुगु दानयात कथिन दान धाःगु जुया च्वन।

**कथिन दान बीगु दिनय् यायेमाःगु कर्म :**

कथिन वस्तु प्राप्त याइम्ह भिक्षु आर्य भिक्षुं संघया ह्योने ज्ञाति कर्म वाचा याना कथिन कर्म कथिन दान खुन्हु हे सीमा गृहय् वना याः वने माःगु जुया च्वन। कथिन दान खुनु हे कथिन कर्म याये मफुत धायेवं कथिन चीवर कथिन जुइ मखु। अले कथिन पूवनी मखु। सन्निधि मजुइकेत गुखुनु कठिन चीवर प्राप्त जुइगु खः, उखुनु हे ज्ञाति कर्म वाचा द्वारा कथिन कर्म यायेमाः। कथिन दान चीवर ग्रहण याइम्ह भिक्षुं चीवर प्राप्त जुइवं थः वर्षावास ध्वनागु विहारय् थःगु कथिन कर्म यायेगु आवश्यक जू।

मयात धाःसा सन्निधि जुइ । थुगु कथं कथिन दान बीगु दिनय् नं परिवर्तन मजू कथं अर्थात् उखुनु हे पुवंके माःगु कर्म दया च्वन ।

थ्व हे अर्थय् नं थ्व दानयात कथिन दान धाःगु खः । (बाकी मेगु अंकय् )

नोट : थ्व च्वसु भिक्षु ज्ञानेश्वर महास्थविरं च्वया बिज्यागु भिक्षु सुदशन महास्थविरं सम्पादन याना बिज्याःगु **कथिनोत्सव** (प्रकाशन मितिः बि.सं.२५२३, बि.सं.२०३६, प्रकाशकः श्री शाक्यसिंह विहार, थैना ललितपुर, नेपाल) सफुतिं साभार यानागु खः । ने.सं. १०९९,कौलागा ८, बि.सं. २०३६ आश्वीन २७, तदनुसार सन् १९७९ अक्टूबर १३ शनिवारया दिनस महापरिनिर्वाण विहार, कुशीनगर, भारतया भिक्षु ज्ञानेश्वर महास्थविरं अतिकं श्रद्धा तयाःनेपाःया संघमहानायक प्रज्ञानन्द महास्थविरंयलया शाक्यसिंह विहारय् वर्षवास पूवंका बिज्याःगु उपलक्ष्यय् कथिन दान उत्सव न्यायेका बिज्यागु जुल । कुशीनगरंनिसें हे कथिन वस्त्र व मेमेगु आपालं अष्ट परिस्कार ज्वनाः नेपालय् बिज्याना पुण्य ज्या पूवंका बिज्यागु जुल । वस्पोल उ. चन्द्रमणि महास्थविरया शिष्य खः । गुरुवर चन्द्रमणि महास्थविरया पुण्य स्मृतिस वस्पोलं कथिनोत्सव सफू पिथना बिज्यागु खः ।

**– न्ह्यब्वःम्ह लोचनतारा तुलाधर**






**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**

**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।।**
**यही नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4228625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।

**मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# धम्मवती धम्म प्रशिक्षण कार्यक्रम

# एक प्रतिवेदन

**प्रस्तुति : मदन रत्न मानन्धर**

१. धम्मवती धम्म प्रशिक्षण कार्यक्रमको स्थापना

धर्मकीर्ति विहार संरक्षण कोष (ध.स.को.) को मिति २०८० भाद्र ६ गतेको कार्यकारिणी समितिको वैठकबाट पारित निर्णय अनुसार कोषको २०७९ माघ १९ गतेको निर्णय र मिति २०८० बैशाख १ गते श्रद्धेय धम्मवती गुरुमांज्यूको 'विशेष सामूहिक धम्मपूजा कार्यक्रम' मा घोषणा गरिएको 'धम्मवती धम्म प्रशिक्षण परियोजना' लाई यस कोष अन्तर्गत एक कार्यक्रमको रूपमा अगाडि बढाउने तथा उक्त कार्यक्रम सन्चालनार्थ एक कार्यदल गठन गर्ने, जसमा श्रद्धेय धम्मवती गुरुमां धम्मानुसासक रहनु हुनेछ भने धर्मकीर्ति विहारका सबै आवासिक गुरुमांहरू, धर्मकीर्ति विहारको शाखा विहारहरूका प्रतिनिधि गुरुमांहरू, अनागारिका संघबाट बढीमा पाँच जना गुरुमांहरू, विज्ञ गुरुमांहरूबाट बढीमा पाँच जना गुरुमांहरू, कार्यान्वयन समितिका संयोजक, सहसंयोजक र तीन जना सदस्यहरू र ध. स. को. का सचिवलाई सदस्य सचिव तोक्ने गरी मिति २०८०।०६।१२ गते गठन गरिएको ३५ सदस्यीय कार्यदलले आफ्नो उद्देश्य, कार्यक्रम र कोष व्यवस्थापनको तर्जुमा गर्ने कार्य सम्पन्न गरिएको थियो।

उद्देश्य

बुद्ध जन्मभूमि नेपालमा बुद्धको शुद्ध शिक्षालाई जनमानसमा प्रचार प्रसार गर्ने उद्देश्यले म्यान्मार् (तत्कालीन बर्मा देश) बाट 'सासनधज धम्माचरिय' उपाधि हासिल गरी नेपाल फर्किनुभएका श्रद्धेय धम्मवती गुरुमांबाट नेपालमा थेरवाद बुद्धसासनको प्रचार प्रसार, संरक्षण, सम्बर्द्धनमा अनुपम र अतुलनीय योगदान दिइ आइरहनु भएको छ। यस क्रममा उहाँबाट धेरै संख्यामा कुलपुत्रीहरूलाई गुरुमां प्रव्रज्या प्रदान गर्नुभएको छ। आफ्ना ती शिष्यहरू लगायत देशैभरका प्रव्रजित गुरुमांहरू लगायत गृहस्थीहरूलाई समेत पालि तिपिटक साहित्य अन्तर्गतका बुद्धशिक्षाबारे अध्ययन अध्यापन गराउनुका साथै सोका लागि चाहिने व्यावहारिक प्रशिक्षण नै यस कार्यक्रमको प्रमुख उद्देश्य रहने छ।

कार्यक्रम

निर्धारित उद्देश्य प्राप्तिका लागि विभिन्न कार्यक्रमहरू तर्जुमा गरी सन्चालन गरिने छ। त्यसका लागि प्रशिक्षण स्थल, स्थान र विषयवस्तु तय गरिने छ। ती कार्यक्रमहरूबाट प्रशिक्षित गुरुमां, गृहस्थीहरूबाट देशका विभिन्न भागहरूमा धम्मदूत भई कार्य गरिने छ।

प्रव्रजित गुरुमांहरू, श्रद्धालु गृहस्थी उपासक, उपासिकाहरूको धार्मिक शैक्षिक उन्नयनका लागि विभिन्न सरकारी, गैरसरकारी प्राज्ञिक संघसंस्थाहरूसँग पनि सहकार्य गरी कार्यक्रम सन्चालन गरिने छ।

कोष व्यवस्थापन

कार्यक्रम सन्चालनार्थ ध.स.को. को निर्णय र निर्देशन अनुसार एउटा कोष खडा गरिने छ। जसमा श्रद्धालु महानुभावहरूको नगद वा जिन्सि दान, दातव्य र सहयोग रकम जम्मा गरी कार्यक्रमको खर्च व्यवस्थापन गरिने छ। जसको हरहिसाब पारदर्शी ढंगले राखिने छ। यस कार्यक्रमको सम्पूर्ण गतिविधि ध.स.को. प्रति जवाफदेही हुने छ।

संरचना

कार्यक्रम सन्चालनार्थ ध.स.को. बाट निर्धारित र निर्देशित कार्यदल, समिति वा उपसमिति अन्तर्गत रही यी सम्पूर्ण कार्यक्रम सन्चालन हुने छन्।

विविध

उक्त प्रशिक्षण कार्यक्रम सन्चालनार्थ पाँच सदस्यीय एक कार्यान्वयन समिति पनि गठन गरियो। जसमा संयोजक १, सह संयोजक १ र सदस्य ३ जना रहने छन्।

हालका लागि संयोजकमा मदन रत्न मानन्धर, सह संयोजकमा डा. रीना तुलाधर, सदस्यहरूमा पञ्ञावती गुरुमां, शुभवती गुरुमां र सुवण्णवती गुरुमांलाई तोकियो।

कार्यदल तथा कार्यान्वयन समितिमा समावेश भएका महानुभावहरूलाई पत्र पनि प्रदान गरियो।

२. कार्यदलको नामावली (संलग्न छ)

३. गतिविधि

क) मिति २०८० आश्विन १२ गते कार्यदलको भेला आयोजना गरी उपस्थित गुरुमांहरूबाट आफूलाई आवश्यक प्रशिक्षणको लिखित फाराम भराइयो। जसमा बुद्धपूजा, परित्राण, सूत्रपिटक, विनयपिटक, अभिधम्मपिटक, मिलिन्द प्रश्न, पालि व्याकरण, बुद्धजीवनी, गृही विनय, धम्मपद, जातक लगायत २० वटा

विषयहरू मध्ये आफूलाई प्रशिक्षण लिन इच्छुक र आफूले अध्यापन गराउन सकिने विषयहरू छनोट गर्न लगाइयो र सोही अनुरूप अनलाइन कक्षाहरू शुरु गरियो ।

ख) विनयपिटक अन्तर्गत महावग्गको अनलाइन कक्षा २०८० मंसिर १४ गतेदेखि अग्गञाणी गुरुमां र विमलञाणी गुरुमांबाट हप्ताको दुई दिन अद्यापि सन्चालन हुँदै आइरहेको छ ।

ग) २०८० पुस २८ र २९ गते पब्लिक स्पिकिंगको प्रशिक्षण कक्षाहरू सन्चालन भए, जसमा प्रफुल्ल कमल ताम्राकार र कीर्ति तुलाधरज्यूहरूबाट प्रशिक्षण दिनुभएको थियो ।

घ) २०८१।०१।१३ को निर्णयअनुसार २०८१ जेठदेखि २०८२ बैशाखसम्म एक वर्षको कक्षा क्यालेण्डर बनाइयो । सो अनुसार उमेर १० वर्षदेखि १६ वर्ष उमेर समूहका नेपालभरका अनागारिका गुरुमां र ऋषिनीहरूलाई श्रद्धेय प्रबुद्धि भन्तेबाट बुद्धपूजा र परित्राणको पालि वाचन अभ्यासको अनलाइन कक्षा मिति २०८१ जेठ ५ गतेदेखि शुरु भइ परीक्षा पनि लिइयो । परीक्षामा उत्तिर्ण हुनेहरूलाई काठमाडौंमा बोलाइ पुरस्कार वितरण तथा शैक्षिक भ्रमण पनि गराइयो ।

ङ) २०८१ साल जेठदेखि २०८२ साल बैशाखसम्म अनलाइनबाट हप्ताको एकदिन विभिन्न कक्षाहरू सम्पन्न भए । दीघनिकाय, खुद्दकनिकाय र धम्मपदको कक्षा मदन रत्न मानन्धरबाट, मज्झिमनिकायको कक्षा डा. प्रसन्नवती गुरुमांबाट, संयुक्तनिकायको कक्षा भिक्षु सोमरतनबाट, अंगुत्तरनिकायको कक्षा डा. श्रद्धा गौतमी गुरुमांबाट, मिलिन्द प्रश्न र विशुद्धिमार्गको कक्षा डा. त्रिरत्न मानन्धरबाट, जातककथाको कक्षा प्रीतिवती गुरुमांबाट सन्चालन भएको थियो ।

च) धम्मवती धम्म प्रशिक्षण कार्यक्रमको प्रथम वर्ष दिवस मिति २०८१ आश्विन १२ गते धर्मकीर्ति विहारमा मनाइयो ।

छ) श्रद्धये धम्मवती गुरुमांबाट आफ्नो ९२ औं जन्मोत्सवको अवसरमा उपासक उपासिकाहरूलाई अभिधम्मपिटक अन्तर्गतको पट्ठान पालि र अर्थको परीक्षा सन्चालन गर्ने मनसुवा बमोजिम इच्छुक महानुभावहरूलाई पट्ठान पालि वाचन अभ्यासको कक्षा २०८१ मंसिर १८ गतेदेखि २१ गतेसम्म र २०८२ भाद्र १८ देखि २१ सम्म मदन रत्न मानन्धरबाटसन्चालन गरियो । पछि परीक्षाको लागि पुनः २०८२ बैशाख २७ र २८ अनि जेठ ३ र ४ गते कण्ठस्थ गर्ने अभ्यास कक्षाहरू पनि सम्पन्न भए । २०८२ जेठ २४ गते मौखिक पालि परीक्षा भयो जसमा ५० जना सहभागी भएका थिए भने ४३ जना उत्तीर्ण भएका थिए ।

ज) पट्ठान पालिको साधारण अर्थको पनि परीक्षा लिने श्रद्धेय धम्मवती गुरुमांको आज्ञा बमोजिम २०८२ जेठ २१ र २२ गते मदन रत्न मानन्धरबाटै पट्ठानको अर्थ सम्बन्धमा कक्षा सम्पन्न भयो । सोको परीक्षा जेठ

२९ गते सम्पन्न भइ उत्तिर्ण एवं सहभागी सबैलाई २०८२ श्रावण १२ गते सोमबार तत्कालीन प्रथम महिला श्रीमती राधिका शाक्यज्यूको प्रमुख आतिथ्यतामा पुरस्कार वितरण पनि भयो।

झ) पट्ठान पालि वाचन अभ्यास कक्षामा सहभागीहरूबाट सामूहिक पट्ठान वाचनको सुमधुरता, शुद्धता र श्रद्धालाई दृष्टिगत गरी श्रद्धेय पञ्ञावती गुरुमांको प्रस्ताव र श्रद्धेय धम्मवती गुरुमांज्यूको समर्थनमा गुंला महिना भरीमा श्रीघः चैत्य परिसरमा श्रावण १० गते, स्वयम्भू महाचैत्य परिसरमा श्रावण १७ गते र खास्ति महाचैत्य परिसरमा श्रावण ३१ गते सामूहिक पट्ठान पालि स्थलगत वाचन कार्यक्रम सम्पन्न गरियो। यस दौरान सहभागीहरूलाई जलपान प्रायोजन मोहनदेवी पुचः ठमेल तथा वण्णवती गुरुमांबाट भएको थियो। स्थानको आवश्यक व्यवस्था श्रीघः परिवार, स्वयम्भू ज्ञानमाला भजन संघ परिवार र गुणसागर भन्तेबाट भएको थियो भने धर्मदेशना श्रद्धेय सोमरतन भन्ते र श्रद्धेय विमलञाणी गुरुमांबाट भएको थियो।

ञ) श्रद्धेय धम्मवती गुरुमांको निर्देशन बमोजिम उक्त पट्ठान पालि स्थलगत वाचन कार्यक्रमलाई निरन्तरता दिने क्रममा मिति २०८२ आश्विन ४ गते पाटनको ऐतिहासिक महाबौद्ध मन्दिर परिसरमा भेला भई पद्मवर्ण महायान महाविहारमा वाचन कार्यक्रम सम्पन्न गरियो। त्यहाँ धर्मदेशना श्रद्धेय गुणसागर भन्ते तथा श्रद्धेय ञाणवती गुरुमांले गर्नु भएको थियो भने सहभागी सबैलाई जलपानको प्रायोजन सुभद्रा शाक्य र परिवार तथा पद्मवर्ण महायान महाविहार परिवारबाट भएको थियो।

ट) यही क्रमलाई निरन्तरता दिँदै आगामी २०८२ कार्तिक २२ गते साँखुस्थित वज्रयोगिनी मन्दिर परिसरको प्राचीन स्वयम्भू चैत्यमा पट्ठान पालि स्थलगत वाचन हुन गइरहेको छ। साथै यस कार्यक्रमलाई नमोबुद्ध नमरा र लुम्बिनीमा समेत वाचन गर्न श्रद्धेय धम्मवती गुरुमांबाट निर्देशन भएको छ।

ठ) धम्मवती धम्म प्रशिक्षण कार्यक्रमको दोस्रो वार्षिक दिवस मिति २०८२ भाद्र २२ गते धर्मकीर्ति विहारमा मनाइयो।

ड) अभिधम्मपिटकलाई प्रचार प्रसार एवं जगेर्ना गर्न श्रद्धेय धम्मवती गुरुमांको सदिच्छा बमोजिम धम्मसंगणी र पट्ठान पालिलाई कण्ठस्थ गराई परीक्षा पनि सम्पन्न भइसकेको परिप्रेक्षमा अब विभंगपालिलाई पनि कण्ठस्थ गराई परीक्षा लिने सोचका साथ यही २०८२ आश्विन पूर्णिमादेखि कार्यक्रम अघि बढाइएको छ, जसका लागि पनि मदन रत्न मानन्धरलाई जिम्मा दिइएको छ।



# धम्मवती धम्म प्रशिक्षण कार्यक्रम

## कार्यदल गठन

## २०८०।०६।१२ (भिक्षुणी महाप्रजापति गौतमी प्रव्रज्या दिवस, यैँयाः पुन्हि)


### धर्मकीर्ति विहार

| | | |
|---|---|---|
| धम्मानुसासक - श्रद्धेय धम्मवती गुरुमां, धर्मकीर्ति विहार | | |
| संयोजक - श्रद्धेय ञाणवती गुरुमां, प्रज्ञानन्दाराम विहार, यल | | |
| सह संयोजक - श्रद्धेय प्रीतिवती गुरुमां, बसुन्धरा विहार | | |
| सह संयोजक - श्रद्धेय कुसलञाणी गुरुमां, रत्न विपश्यना विहार | | |
| सदस्य सचिव - धर्मकीर्ति विहार संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकार | | |
| सदस्यहरू : | **क) धर्मकीर्ति विहारका आवासिक गुरुमांहरू सबै :** | १. श्रद्धेय पञ्ञावती गुरुमां |
| २. श्रद्धेय केशावती गुरुमां | ३. श्रद्धेय खेमावती गुरुमां | ४. श्रद्धेय दानवती गुरुमां |
| ५. श्रद्धेय त्यागवती गुरुमां | ६. श्रद्धेय मेत्तावती गुरुमां | ७. श्रद्धेय इन्दावती गुरुमां |
| ८. श्रद्धेय वीर्यवती गुरुमां | ९. श्रद्धेय शुभवती गुरुमां | १०.श्रद्धेय अमता गुरुमां |
| ११.श्रद्धेय वण्णवती गुरुमां | १२.श्रद्धेय सुवण्णवती गुरुमा | १३.श्रद्धेय क्षान्तिवती गुरुमां |
| **ख) धर्मकीर्ति विहारको शाखा विहारबाट प्रतिनिधि गुरुमांहरू :** | | |
| १. सुलक्षणकीर्ति विहारबाट - श्रद्धेय सुनन्दावती गुरुमां | २. पद्मकीर्ति विहारबाट - श्रद्धेय ध्यानवती गुरुमां | ३. बसुन्धरा विहारबाट - श्रद्धेय कुसुम गुरुमां |
| ४. निर्वाणमूर्ति विहारबाट - श्रद्धेय सुमना गुरुमां | ५. श्रद्धाकीर्ति विहारबाट - श्रद्धेय श्रद्धाचारी गुरुमां | |
| **ग) अनागारीका संघबाट :** | १. श्रद्धेय अनुपमा गुरुमां - जयमंगल विहार, चंकी टोल, पाटन | २. श्रद्धेय धम्मञाणी गुरुमां - बौद्ध जन विहार, सुनाकोथि |
| ३. श्रद्धेय डा. प्रसन्नवती गुरुमां - शाक्यमुनीकीर्ति विहार, सतुंगल | ४. श्रद्धेय डा. श्रद्धा गौतमी गुरुमां - धम्ममोलि विहार, सामाखुसी | ५. श्रद्धेय चम्पावती गुरुमां - पाटी विहार, थिमि |
| **घ) विज्ञ गुरुमांहरूबाट :** | १. श्रद्धेय जवनवती गुरुमां- धर्मकीर्ति विहार, श्रीघः नःघः | २. श्रद्धेय अग्गञाणी गुरुमां - अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल |
| ३. श्रद्धेय विमलञाणी गुरुमां - अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल | ४. श्रद्धेय बुद्धपालि गुरुमां - सन्ति सुखावास, चाकुपात, पाटन | ५ श्रद्धेय सुजाता गुरुमां - नःबही, यल |
| **कार्यान्वयन समिति :** | संयोजक - मदन रत्न मानन्धर | सह संयोजक - डा. रीना तुलाधर |
| सदस्य - पञ्ञावती गुरुमां | सदस्य - शुभवती गुरुमां | सदस्य - सुवण्णवती गुरुमां |


जम्मा ३५ जना ।

## धम्मवती धम्म प्रशिक्षण कार्यक्रम कक्षामा अध्यापन गर्नुहुने प्रशिक्षकहरू

| क्र.सं. | विषय | प्रशिक्षक | कैफियत |
|---|---|---|---|
| १ | दीघ निकाय | मदनरत्न मानन्धर | |
| २ | मज्झिम निकाय | प्रशन्नवती गुरुमां | |
| ३ | संयुक्त निकाय | भिक्षु शोभरत्न | |
| ४ | अंगुत्तर निकाय | श्रद्धा गौतमी गुरुमां | |
| ५ | खुद्दक निकाय | मदनरत्न मानन्धर | |
| ६ | मिलिन्द प्रश्न | कुशल ञाणी गुरुमां | |
| ७ | प्रतित्य समुत्पाद | वीर्यवती गुरुमां | |
| ८ | गृही विनय | ञाणवती गुरुमां | |
| ९ | जातक | प्रीतिवती गुरुमां | |
| १० | विशुद्धि मार्ग | डा. त्रिरत्न मानन्धर | |
| ११ | अभिधर्म | बुद्धपालि गुरुमां | प्रत्येक शनिबार |
| १२ | महावग्गपालि | अग्गञाणी गुरुमां | प्रत्येक सोमबार |
| १३ | महावग्ग पालि | विमलञाणी गुरुमां | प्रत्येक बिशिबार |


लुम्बिनी



बोधगया


सारनाथ


कुशीनगर



## श्रद्धेय रत्नमञ्जरी गुरुमांको १९ औं पुण्य तिथि



*सामूहिक महापरित्राण पाठ गर्नुहुँदै प्रव्रजित गुरुमांहरू*

*२०८२ आश्विन १९ गते, आइतवार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन वरिष्ठ विपश्यनाचार्य श्रद्धेय रत्नमञ्जरी गुरुमांको १९ औं पुण्यतिथिको उपलक्ष्यमा प्रव्रजित गुरुमां समूहले महापरित्राण सामूहिक पाठ सम्पन्न गरियो। श्रद्धेय धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा धर्मकीर्ति पुलां पुचः र श्रद्धेय रत्न मञ्जरी गुरुमां स्मृति कोषबाट जलपान र भोजन प्रायोजन गरी पुण्य सञ्चय गरियो।

कार्यक्रममा श्रद्धेय रत्नमञ्जरी गुरुमां स्मृति कोषबाट आमन्त्रित सबै प्रव्रजित गुरुमांहरूलाई दान प्रदान गरियो। यसरी नै धर्मकीर्ति विहारका आवासिय गुरुमां एवं अन्य गुरुमांहरूबाट र श्रद्धालु उपासक उपासिकाहरूबाट पनि श्रद्धेय रत्नमञ्जरी गुरुमांको पुण्य स्मृतिमा दान प्रदान गरी पुण्य सञ्चय गरिएको थियो। कार्यक्रमको अन्त्यमा श्रद्धेय रत्नमञ्जरी गुरुमांको पुण्य स्मृतिमा श्रद्धेय धम्मवती गुरुमां लगायत कार्यक्रममा उपस्थित सबै प्रव्रजित गुरुमांहरू र उपासकोपासिकाहरूबाट सामूहिक पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो।

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र. सं. | २०८२ भाद्र, आश्विन / कार्तिक | बुद्ध पूजा गर्नुहुने श्रद्धेय गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|---|
| १ | भाद्र १५ गते, आइतबार अष्टमी | सुवण्णवती | सुवण्णवती |
| २ | भाद्र २२ गते, आइतबार पूर्णिमा | खेमावती | धम्मवती |
| ३ | भाद्र ३० गते, सोमबार अष्टमी | त्यागवती | त्यागवती |
| ४ | आश्विन १ गते, बुधबार संक्रान्ति | पञ्ञावती | पञ्ञावती |
| ५ | आश्विन ५ गते, आइतबार औंशी | अमता | अमता |
| ६ | आश्विन १४ गते, मंगलबार अष्टमी | शुभवती | शुभवती |
| ७ | आश्विन २० गते, सोमबार श्रीघः पुन्हि | खेमावती | धम्मवती |
| ८ | आश्विन २१ गते, मंगलबार कतिं पुन्हि | खेमावती | धम्मवती |
| ९ | आश्विन २८ गते, मंगलबार अष्टमी | मेत्तावती | मेत्तावती |
| १० | कार्तिक १ गते, शनिवार संक्रान्ति | जवनवती | जवनवती |
| ११ | कार्तिक ४ गते, मंगलवार औंशी | केशावती | केशावती |

# धर्मकीर्ति विहारय् न्हिच्छि यंकं अभिधर्म पाठ

*२०८२ आश्विन ६ गते, सोमबार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

उपासिकापिं रमला बज्राचार्य व निर्मला बज्राचार्य बसन्तपुर सपरिवारया ग्वसालय् वयूक:पिनि दिवंगत बा: चन्द्रकुमार बज्राचार्य, मां मय्जु बज्राचार्य, दाजु प्रथमकुमार बज्राचार्य, पीभत दयादेवी बज्राचार्य, दाजु द्वितीय कुमार बज्राचार्य, तता कमला बज्राचार्य लगायत दिवंगत जुयादीधुंकूपिं मेपिं सकल ञाति बन्धु पिनिगु पुण्य स्मृतिस प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियंकं अभिधर्म पाठ सम्पन्न जुल ।

श्रद्धेय धम्मवती गुरुमांनं पन्चशील प्रार्थना याकाबिज्यास्य अभिधर्म विषये धर्मदेशना याना बिज्या:गु थुगु ज्याभ्वले आमन्त्रित गुरुमांपिन्त जलपान, भोजनया व्यवस्था, दान प्रदान याना: पुण्य सन्चय या:गु जुल ।

दिवंगत व्यक्तिपिनि सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन लिपा ज्याभ्व: समापन जुल ।

**अभिधर्म पाठ ज्याझ्व: तालिका**

| क्र.सं. | पाठ | पाठ यानाबिज्या:पिं श्रद्धेय प्रव्रजित गुरुमां |
|---|---|---|
| १ | धम्मसङ्गणि | धम्मवती पञ्ञावती, जवनवती |
| २ | विभङ्ग | चन्द्रशीला, खेमावती |
| ३ | धातुकथा | करुणावती, ध्यानवती |
| ४ | पुग्गलपञ्ञति | कुसुम, प्रीतिवती |
| ५ | कथावत्थु | शुभवती, अमता |
| ६ | यमक | सुवण्णवती, क्षान्तिवती |
| ७ | पट्ठान | त्यागवती, इन्दावती |



*अभिधर्म पाठ श्रवण यानाबिज्यास्य दाता परिवार*





## २२८७ औं शस्त्र परित्याग दिवस

*२०८२ आश्विन १६ गते, बिहिबार*

*स्थान- धम्महल, नगदेश बुद्ध विहार*

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा सम्राट अशोकद्वारा कलिङ्ग रण मैदानमा शस्त्र-अस्त्र परित्याग गरी विजय भएको घोषणा गरिएको कार्यको गुणानुस्मरण गरी २२८७ औं शस्त्र परित्याग दिवस मनाइएको समाचार प्राप्त भएको छ। यसलाई नै महान विजया दशमीको रूपमा लिने गरिन्छ।

प्राप्त समाचार अनुसार श्रद्धेय भिक्षु धर्मरत्नको प्रमुख अतिथित्वमा बौद्ध ल्यायम्ह पुचः नगदेशका अध्यक्ष उपासक शिवभक्त मेजुको अध्यक्षतामा शस्त्र परित्याग दिवस विषयमा प्रवचन भएको उक्त कार्यक्रममा नगदेश बौद्ध समूहका कोषाध्यक्ष उपासक रत्नभक्त हाँय्‌जुले स्वागत मन्तव्य ब्यक्त गर्नुभयो।

कार्यक्रममा श्रद्धेय भिक्षु धर्मरत्नले पञ्चशील प्रार्थना गराउनु भई सञ्चालित उक्त कार्यक्रममा समूहका अध्यक्ष उपासक कृष्ण कुमार प्रजापतिले सम्राट अशोकले निशस्त्रीकरण अभियान चलाउनु भई धार्मिक जीवनयापन गरेदेखि मगध साम्राज्यका ठाउँ-ठाउँमा शिलालेख स्थापना गरी सम्पूर्ण प्राणी प्रति दया राखी व्यवहार गर्नको लागि उद्‌घोषण गर्नु भएको विषयमा चर्चा गर्नुभयो। मन्तव्य व्यक्त गर्ने क्रममा उहाँले सम्राट अशोकको राज्याभिषेक पश्चात् बीसौं वर्षमा बुद्ध जन्म भूमी लुम्बिनीमा अशोक शीला स्तम्भ ठडाउने कार्य गर्नुभएको विषयलाई उल्लेख गर्नुहुँदै सम्राट अशोकले आफ्नो साम्राज्य अन्तरगतको सबै स्थानमा अस्थिधातु प्रतिस्थापन गरी ८४,००० चैत्यको स्थापना गरेको विषयमा पनि चर्चा गर्नुभयो।

यही सिलसिलामा प्रमुख अतिथि श्रद्धेय भिक्षु धर्मरत्नले बौद्ध जगतमा सम्राट अशोकले शस्त्र परित्याग गरी धार्मिक जीवनयापन गरी पुऱ्याउनु भएको योगदान विषयमा चर्चा गर्नुभयो। समूहका सचिव उपासक गणेशहरी प्रजापतिले आफ्नो मन्तव्य सहित साधुवाद एवं धन्यवाद व्यक्त गर्नुभएपछि सभाध्यक्ष शिवभक्त मेजुले आफ्नो मन्तव्य सहित सभा विसर्जन गरी सामूहिक पुण्यानुमोदन गरी सभा विसर्जन गरियो।

## २६०८ औं संकाश्य दिवस सम्पन्न

*२०८२ आश्विन २१ गते, मंगलवार*

*स्थान- नगदेश बुद्ध बिहार*

नगदेश बौद्ध समूहको आयोजनामा यसदिन २६०८ औं संकाश्य दिवस मनाइएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार प्रमुख अतिथि श्रद्धेय भिक्षु धर्मरत्न शाक्यले बुद्ध पूजा कार्यक्रम सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा नगदेश बौद्ध समूहका अध्यक्ष उपासक कृष्ण कुमा प्रजापतिले २६०८ औं संकाश्य दिवस विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

शाक्य मुनि बुद्धले सातौं वर्षावास (असार पूर्णिमा देखि आश्विन पूर्णिमा सम्म) त्रावतिंस देवलोकमा बिताउनु भएको थियो। वर्षावास ३ महिना अवधिमा उहाँले आफ्नो माता महामायादेवी (सन्तुस्सीत देवपुत्रलाई अभिधर्म विषयमा ज्ञान दिनुभई स्रोतापन्नसम्मको धर्मज्ञान अववोध गराउन सफल हुनुभएको विषयमा उल्लेख भएको छ। यस अमूल्य घटनाले भगवान् बुद्ध मातृ ऋणबाट मुक्त हुनुभएको जनाइएको छ। यसरी आफ्नो अमूल्य कर्त्तव्य पूरा गर्नुभई भगवान् बुद्ध ३ महिना पछि आश्विन पूर्णिमा (कतिं पुन्हि) का दिन त्रावतिंस देवलोकबाट मनुष्य लोकको संकाश्य नगर (हाल भारत) मा पदार्पण गर्नुभएको घटनालाई स्मरण गरी नगदेश बौद्ध समूहले संकाश्य दिवस मनाइएको बुझिएको छ।

***"मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, औ मन मुख्य भएर जताततै पुगेको हुन्छ। त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गऱ्यो भने बयलको पछि-पछि गाडाको पांग्रा आए झैं दुःख पछि लागेर आउँछ।" - बुद्ध वचन***


## २६०८ औं संकाश्य दिवसको स्मरणमा सडक उद्घाटन

*२०८२ आश्विन २१ गते, मंगलबार*

शाक्यमुनि बुद्धले ३ महिन (असार पूर्णिमा - आश्विन पूर्णिमा) सम्म त्रावतिंस देवलोकमा उहाँका माता महामायादेवी (सन्तुतिस्स देवपुत्र) लाई अभिधर्म विषयमा ज्ञान दिनुभई आश्विन पूर्णिमा (कतिं पुन्हि) का दिन भारत स्थित संकाश्य नगरमा पदार्पण गर्नुभएको कारण यसदिनलालई संकाश्य दिवसको रूपमा लिने गरिन्छ। यस पवित्र दिनलाई स्मरण गरी मध्यपुर थिमि नगरपालिकाले २६०८ औं संकाश्य दिवसको रूपमा स्मरण गरी मध्यपुर थिमि वडा नं. ७ स्थित ऐतिहासिक नगरीका विभिन्न स्थानका ढलान गरिएका सडक बाटाहरू लगायत वडा नं ७ र २ को सिमानामा बाटो विस्तार गरी निर्मित सडक बाटो खण्ड समेतको स्थानिय वडा सरकार प्रमुख र वडा नं. ७ का वडा अध्यक्ष कृष्ण कुमार प्रजापतिबाट उक्त बाटोहरू उद्घाटन गरिएको समाचार प्राप्त भएको छ।

## लेखक, पाठक एवं ग्राहक वर्गहरूमा हार्दिक अनुरोध

- 'धर्मकीर्ति' पत्रिका प्रत्येक पूर्णिमाको दिन प्रकाशन हुनेछ।
- धर्मकीर्ति पत्रिकाको लागि नेपालभाषा, नेपाली तथा अंग्रेजी भाषामा बुद्ध शिक्षा, बौद्ध सँस्कृती एवं दर्शन र यस सम्बन्धी अनुसन्धानात्मक लेख, नैतिक शिक्षालेयुक्त सामाजिक लेख, रचनाहरू कथा एवं कविताहरू सम्प्रेषण गरी सहयोग गरिदिनु होला।
- समाचारमूलक बौद्ध गतिविधिहरू एवं माथि उल्लेखित लेखहरू e-mail वा हुलाकबाट समयमा नै उपलब्ध गरी सहयोग गरिदिनुहोला।
- पत्रिकामा प्रकाशित लेख, रचना आदिको सम्पूर्ण जिम्मेवार लेखक स्वयं हुनेछ।
- तपाईंले आफ्नो पसल, उद्योग, ब्यापार एवं कार्यालय आदिको विज्ञापन दाता बनी आ-आफ्नो व्यवसायको प्रचार तथा बुद्ध शिक्षा प्रतिको श्रद्धा प्रस्तुत गरी धर्मकीर्ति पत्रिकालाई सहयोग गर्नसक्नु हुनेछ।
- धर्मकीर्तिलाई तपाईंको सहयोगको आवश्यकता छ। तपाईंहरूको प्रत्येक सहयोग यस पत्रिकाको लागि ठूलो आधार हुनेछ।
- त्यसैले तपाईं आफू ग्राहक बनी अरूलाई पनि ग्राहक बनाउनुहोस्।
- हामी तपाईंको स्वस्थ प्रतिकृयाको स्वागत गर्दछौं।
- समयमा नै लेख, रचना आदि प्रकाशनको लागि र सल्लाह सुझाव प्रस्तुत गर्नको लागि **gurumawiryawati@gmail.com** **subhawati26@gmail.com** मा e-mail गर्न सकिने छ।



**धर्मकीर्ति विहार परिवार, फोन नं. ०१-५३५९४६६**

# त्रिलक्षण स्वभावयात चाय्काच्वने



✍ नाती महर्जन

मदु सुखया संसार थन दुःख अपो वई ल्यू ल्यू
धैर्य यानाच्वनेगु सयक्य, सुख न वई ल्यू ल्यू
कर्म पीम्ह थःहे खः, खःकथं कर्म पीनु सुख वई ल्यू ल्यू
त्याग चेतनाया पुसा पुण्य संस्कार जुयावई ल्यू ल्यू

दानया पुसा पिनाच्वने सयक्य सुखपूर्वक म्वाय्त
शीलया पालन यानाच्वने सयक्य निर्बिघ्न पूर्वक म्वाय्त

भावना यानाच्वने सयक्य अनित्यगु संसारयात म्हसीकेत
कामरागया प्रपञ्चं संसारय् जन्म ज्वीकाच्वनी अनन्त


छन्हु सिनावनेमानिगु संसारया नियम लुमंका जीवन हनेनु
च्यागू दुःखं लिनाच्वंगुयात मनंनिसें चाय्का च्वनेनु
यम्हं धयाथे मदुगु थ्व संसारया स्वभावयात म्हसीका च्वनेनु
अनित्य, दुःख व अनात्मयात चाय्काः जीवन धन्य याय्नु

*"रीसले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ, यही सनातनदेखि चली आएको धर्म हो।"*

*"मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नु पर्छ भनी विचार गर्दैन, 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ।"*

*"इन्द्रिय संयम नगरी राम्रो देख्ने, भोजनमा मात्रा न जान्ने, वीर्यहीन हुने यस्तालाई, बतासले रूख ढाले झैं मारले बिताउँछ।"* *- बुद्ध वचन*

# The Four Sights, the Four things



✍ Lekh Ratna Shakya

It was the first time
Siddhartha left the palace
He saw through his necked eyes
The real truths of the sufferings
It was his S3's clusters or tasks
At his first visit of the city
The first sight - An old man
The second sight - A sick man
The third sight - the corpse
After seen these sights Siddhartha
Saw a corpse on a funeral pyre.
He got the big shock he felt.
The fourth sight - A holy man,
When he saw this sight
He thought he has been duped his life
He has been shield from suffering and truthfulness.
These four sights awakened him,
When he saw the holy man,
He thought this was a wise man
And it could be the source of finding peace.



# श्रद्धेय रत्नमञ्जरी गुरुमांको १९ औं पुण्य तिथिको अवसरमा सामूहिक महापरित्राण पाठ



दिवंगत श्रद्धेय रत्नमञ्जरी गुरुमां



दिवंगत रत्नमञ्जरी गुरुमांको पुण्यस्मृतिमा उहाँको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां र दानवती गुरुमां



सामूहिक महापरित्राण पाठ गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरू



सामूहिक महापरित्राण पाठ श्रवण गर्नुहुँदै उपासक उपासिकाहरू

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८२/०८३)



श्रीघः परिसरय् पट्ठान पाठ जुयाच्वंगु



धर्मकीर्ति विहार धम्महलय् पट्ठान पालि वाचनया कक्षा सञ्चालन जुयाच्वंगु




श्रीघः चैत्य व धर्मकीर्ति विहार प्राङ्गगणय् पट्ठान पाठ ज्याभ्वःया पुचःपिं

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com